# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
# राजदरबारको
# सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ६७ ख को उपधारा (४) बमोजिम बनाइबक्सेको "गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

## गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको व्यवस्था गर्न बनेको नियमावली

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ६७ ख को उपधारा (४) बमोजिम देहायका नियमहरू बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "केन्द्रीय समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति सम्झनुपर्छ।

(ख) "सदस्य" भन्नाले केन्द्रीय समितिको सदस्य सम्झनुपर्छ र यो शब्दले केन्द्रीय समितिको अध्यक्षलाई समेत जनाउँछ।

(ग) "पञ्चकार्यकर्ता" भन्नाले पञ्चायतका विभिन्न तहका सदस्यलाई सम्झनुपर्छ र यो शब्दले विभिन्न तहका गाउँफर्क राष्ट्रिय अभियान तथा वर्गीय संगठनका सदस्यलाई समेत जनाउँछ।

३. केन्द्रीय समितिः– (१) केन्द्रीय समितिमा आवश्यकतानुसार श्री ५ बाट देहायका सबै वा कुनै क्षेत्रबाट मनोनीत गरिबक्सेका सदस्यहरू रहनेछन् जसमध्ये मौसूफबाट तोकिबक्सेका सदस्यहरू केन्द्रीय समितिका अध्यक्ष र सदस्य-सचिव हुनेछन्।

(क) मन्त्रिपरिषद्;

(ख) राष्ट्रिय पञ्चायत; वा

(ग) उपयुक्त अन्य व्यक्ति।

(२) श्री ५ बाट आवश्यक सम्झिबक्सेमा केन्द्रीय समिति विघटन गरी नयाँ गठन गर्न सकिबक्सनेछ।

४. शपथ ग्रहणः– केन्द्रीय समितिका सदस्यले कार्यभार सम्हाल्नुभन्दा अघि प्रधान न्यायाधीश समक्ष अनुसूची १ र २ मा तोकिएबमोजिमको पद र गोपनियताको शपथ ग्रहण गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

298

५. पदावधि र पारिश्रमिक :–(१) नियम ६ को अधीनमा रही सदस्यहरूको पदावधि सामान्यतः चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(२) सदस्यको पारिश्रमिक तथा अन्य सुविधाहरू श्री ५ बाट तोकिबक्सेबमोजिम हुनेछ ।

६. सदस्यता कायम नरहने:–देहायको अवस्थामा केन्द्रीय समितिको सदस्यता कायम रहने छैनः–

(क) श्री ५ का समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा,

(ख) श्री ५ बाट हटाइबक्सेमा,

(ग) नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिम मनोनीत सदस्यको हकमा निज मन्त्रिपरिषद्को सदस्य नरहेमा,

(घ) नियम ३ को उपनियम (१) को खण्ड (ख) बमोजिम मनोनीत सदस्यको हकमा निज राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा,

(ङ) पदावधि समाप्त भएमा, वा

(च) आचार संहिता उल्लंघन गरे बापत सदस्यताबाट हटाइएमा ।

७. केन्द्रीय समितिको काम तथा कर्तव्य:–यो नियमावलीमा अन्यत्र उल्लेख गरिएका अन्य कामको अतिरिक्त केन्द्रीय समितिले गर्नु पर्ने काम तथा कर्तव्य देहायबमोजिम हुनेछः–

(क) दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको राजनीतिक सिद्धान्तको प्रचारको व्यवस्था गर्ने,

(ख) गाउँफर्क राष्ट्रिय अभियानका विभिन्न तहका समितिका सदस्यहरूको आवश्यकतानुसार अधिवेशन बोलाउने, र

(ग) प्रचलित नेपाल कानूनमा व्यवस्था भएबमोजिम अन्य कामहरू गर्ने ।

८. पञ्चभेला :– (१) केन्द्रीय समितिले केन्द्रीय स्तरमा पञ्चभेलाको सञ्चालन गर्नेछ ।

(२) पञ्चभेलाको कार्यक्रम, कार्यविधि र सो पञ्चभेलामा भाग लिने व्यक्ति वा संस्था तथा छलफल हुने विषय केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

(३) विभिन्न तहका गाउँफर्क राष्ट्रिय अभियान समितिले पञ्चभेलाको आयोजना गरे नगरेको केन्द्रीय समितिले रेखदेख गर्नेछ र आवश्यक निर्देशन दिनेछ ।

९. राजनीतिक कार्यक्रमको तर्जुमा, सञ्चालन र समन्वय :–(१) विभिन्न तहका गाउँफर्क राष्ट्रिय अभियान समितिबाट प्राप्त भएको सुझाव समेत उपर विचार गरी केन्द्रीय समितिले राजनीतिक कार्यक्रम तर्जुमा गर्नेछ र सो तर्जुमा श्री ५ का हजूरमा चढाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निर्धारित राजनीतिक कार्यक्रमको आधारमा सो कार्यक्रम सञ्चालन गर्न केन्द्रीय समितिले विभिन्न तहका गाउँफर्क राष्ट्रिय अभियान समितिलाई आवश्यक निर्देशन दिनेछ ।

(३) पञ्चायतका विभिन्न निकायको बीच राजनीतिक सञ्चार कायम गर्न र तिनको बीच समन्वय ल्याउन केन्द्रीय समितिले समयमै आवश्यक व्यवस्था मिलाउनेछ ।

१०. पञ्चकार्यकर्ताको प्रशिक्षण :– पञ्चकार्यकर्ताको प्रशिक्षणको लागि केन्द्रीय समितिले आवश्यक योजना तयार पारी सो योजना अन्तिम रूपबाट निर्धारण भएपछि त्यससम्बन्धी कार्यक्रम लागू गर्नेछ ।

११. पञ्चायत प्रणालीको सिद्धान्तको प्रतिपादन तथा व्याख्या :– केन्द्रीय समितिले समय समयमा दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको राजनीतिक सिद्धान्त प्रतिपादन गर्नेछ र सो समितिले यस सम्बन्धमा गरेको व्याख्या आधिकारीक मानिनेछ ।

१२. पञ्चकार्यकर्ताको विवरण तथा मूल्यांकन :– (१) विभिन्न तहका गाउँफर्क राष्ट्रिय अभियान समिति र अन्य उपलब्ध स्रोतहरूबाट पञ्चकार्यकर्ताको आचरण तथा क्रियाकलापबारे जानकारी प्राप्त गरी केन्द्रीय समितिले विवरण तयार गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरणको आधारमा केन्द्रीय समितिले राष्ट्रिय पञ्चायत, गाउँफर्क राष्ट्रिय अभियान अञ्चल तथा जिल्ला समिति र जिल्ला पञ्चायतका सदस्यको मूल्यांकन गर्नेछ ।

(३) पञ्चकार्यकर्ताको मूल्यांकन गर्ने आधार र स्रोत केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

१३. आचार संहिता :– केन्द्रीय समितिको सदस्यको आचार संहिता र सो उल्लंघन गरे बापत हुने कारवाही श्री ५ बाट तोकिबक्सेको आचार संहिताबमोजिम हुनेछ र अरू तहका पञ्च-कार्यकर्ताको लागि केन्द्रीय समितिले आचार संहिता बनाउनेछ ।

तर–

राष्ट्रिय पञ्चायतका सदस्यको लागि बनेको आचार संहिता श्री ५ बाट स्वीकृति बक्सेपछि लागू हुनेछ ।

१४. आचार संहितासम्बन्धी कारवाही :– (१) राष्ट्रिय पञ्चायत, गाउँफर्क राष्ट्रिय अभियान अञ्चल तथा जिल्ला समिति वा जिल्ला पञ्चायतका कुनै सदस्यले आचार संहिता उल्लंघन गरेमा केन्द्रीय समितिले कारवाही गर्नेछ ।

तर–

(क) राष्ट्रिय पञ्चायतका सदस्यउपरको कारवाहीको सम्बन्धमा नेपालको संविधान-को धारा ३८ (२) बमोजिम केन्द्रीय समितिले श्री ५ का हजूरमा आफ्नो ठहर प्रतिवेदन पेश गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति वा जिल्ला पञ्चायतका सदस्य-उपर कारवाही गर्दा केन्द्रीय समितिले आवश्यक देखेमा सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिको राय बुझ्नेछ ।

(२) आचार संहिता उल्लंघन गरे बापत कारबाही गर्दा अपनाउनु पर्ने कार्यविधि केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

तर–

आरोप लागेका सदस्यलाई आफ्नो सफाइ दिनको निमित्त मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

(३) आचार संहिता उल्लंघन गरेमा देहायबमोजिमको कारवाही हुन सक्नेछः–

(क) नसिहत दिने;

(ख) आत्म आलोचना गराउने;

(ग) सदस्यताबाट हटाउने; वा

(घ) कुनै निश्चित अवधिसम्मको लागि कुनै खास निकायको निर्वाचनमा उम्मेदवार हुनबाट वञ्चित गर्ने ।

तर–

राष्ट्रिय पञ्चायतका सदस्यको हकमा उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) बमोजिम प्रतिवेदन पेश हुनेछ ।

१५. योग्यता निर्धारणः– अन्य प्रचलित कानूनमा लेखिएको योग्यताको अतिरिक्त केन्द्रीय समितिले पञ्चायतको विभिन्न तहमा उम्मेदवार हुनको लागि आवश्यक योग्यता निर्धारण गर्नेछ ।

१६. निर्देशन दिनेः–विकास कार्यक्रमहरूको सफल कार्यान्वयनको निमित्त विभिन्न वर्गीय संगठन-हरूको लागि कार्यक्रम बनाउने, आवश्यक साधन जुटाउने तथा यस सम्बन्धमा ध्यान पुऱ्याउनु पर्ने अन्य आवश्यक काम गरी स्थानीय पञ्चायतहरूले विकास कार्यक्रमहरूको सफल कार्यान्वयनको निमित्त– जनपरिचालन गर्न ती संगठनहरूलाई कतिको क्रियाशील पार्न सकेका छन् भन्ने कुराको जानकारी लिन केन्द्रीय समितिले आफैले समय समयमा सम्बन्धित क्षेत्रको निरीक्षण गर्न तथा अन्य गाउँफर्क राष्ट्रिय अभियान समितिद्वारा निरीक्षण गराउन सक्नेछ र उचित परिचालनको लागि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१७. निर्देशन, रेखदेख तथा नियन्त्रणः–गाउँफर्क राष्ट्रिय अभियानका विभिन्न तहका समितिहरू केन्द्रीय समितिको निर्देशन, रेखदेख तथा नियन्त्रणमा रहनेछन् ।

१८. केन्द्रीय समितिको बैठकः– (१) केन्द्रीय समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) अध्यक्षको निर्देशानुसार सदस्य-सचिवले बैठक बोलाउनेछ ।

१९. उप-समितिः– (१) आफ्नो काम सुचारुरूपले सञ्चालन गर्न केन्द्रीय समितिले आफ्ना सदस्यहरूको संयोजकत्वमा आवश्यकतानुसार उप-समिति गठन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको उप-समितिको काम तथा कार्यविधि नियम २० अन्तर्गत बनेको कार्यविधिद्वारा व्यवस्थित हुनेछ।

२०. आन्तरिक कार्यविधिः– केन्द्रीय समितिले यस नियमावलीबमोजिम गर्नु पर्ने काम सम्पादन गर्न आफ्नो आन्तरिक कार्यविधि आफैले व्यवस्थित गर्नेछ।

२१. अधिकार प्रत्यायोजनः– केन्द्रीय समितिले यो नियमावलीमा उल्लेख भएबमोजिम आफूले पाएको सबै वा केही अधिकार आदेशद्वारा सोही आदेशमा तोकिएको सदस्य, उप-समिति वा कुनै गाउँफर्क राष्ट्रिय अभियान समितिलाई तोकिएको शर्त बन्देजको अधीनमा रही प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२२. विघटन गर्ने अधिकारः–केन्द्रीय समितिले देहायका अवस्थामा कुनै गाउँफर्क राष्ट्रिय अभियान अञ्चल, जिल्ला, नगर वा गाउँ समितिलाई विघटन गर्न सक्नेछः–

(क) निर्देशनको पालन नगरेमा, वा

(ख) जिम्मेवारी पूरा गर्न नसकेमा।

२३. केन्द्रीय समितिले गर्नेः–(१) कुनै गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति नरहेको अवस्थामा सो समितिले गर्नु पर्ने काम केन्द्रीय समितिले गर्नेछ।

(२) कुनै गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति नरही सो समितिको काम सम्बन्धित गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले गर्नु पर्ने भएकोमा सो अञ्चल समिति पनि नरहेको अवस्थामा उक्त काम केन्द्रीय समितिले गर्नेछ।

२४. श्री ५ मा वार्षिक विवरण चढाउनेः–केन्द्रीय समितिले आफ्नो कामकारवाहीको संक्षिप्त वार्षिक विवरण श्री ५ का हजूरमा चढाउनेछ।

२५. अदालतमा प्रश्न उठाउन नपाइनेः– यो नियमावली अन्तर्गत भएको कुनै कामको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन।

२६. बाधा अडकाउ फुकाउनेः– यो नियमावली कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउन श्री ५ बाट आवश्यक आदेश जारी गर्न सकिबक्सनेछ र त्यस्तो आदेश यसै नियमावलीमा परे सरह मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ४ संग सम्बन्धित)

श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरूप्रति पूर्णतया वफादार र पञ्चायती व्यवस्थाप्रति निष्ठावान रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पालन गर्नेछु भनी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको अध्यक्ष । सदस्य । सदस्य-सचिव पदमा नियुक्त भएको म............ ईश्वरको नाममा शपथ लिन्छु । सत्य निष्ठा सहित प्रतिज्ञा गर्दछु ।

.............

मितिः–                                                    हस्ताक्षर............

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

295

अनुसूची–२

(नियम ४ संग सम्बन्धित)

म.............परमेश्वरलाई साक्षी राखेर शपथ ग्रहण गर्दछु कि गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको अध्यक्ष । सचिव । सदस्य-सचिवको हैसियतमा कामकाज गर्दा मलाई ज्ञान भएको वा हुन आएको गोप्य कुराहरू मेरो पदको कर्तव्य पालन गर्ना निमित्त बाहेक अरू कसैलाई म यस केन्द्रीय समितिको कार्यालयमा बहाल रहे नरहेको जुनसुकै अवस्थामा पनि लेखेर वा बोलेर वा अरू कुनै माध्यमबाट थाह दिने छैन ।

मितिः– हस्ताक्षर............

हुकुमबक्सेबमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220